# आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७७/७८

कार्यालय र स्थान : सैनामैना नगरपालिका, रुपन्देही , सैनामैना नगरपालिका , रुपन्देही

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | Bhim Prasad Tiwari | २०७८-१०-२ | हाल सम्म कार्यरत |
| कार्यालय प्रमुख | Tek Raj Panthee | २०७७-४-१ | |
| लेखा प्रमुख | Shivalal Aryal | २०७७-४-१ | |
| | | बेरुजु रकम | ४१,३७२,४७७ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | १८,५२,१५,९०७.७ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ५७,८१,८९,५५० | **चालु खर्च** | ५३,४८,७६,८९९.४ |
| **प्रदेश सरकारबाट अनुदान** | ७,३६,६८,००० | **पूँजीगत खर्च** | ३८,७८,७५,८८३ |
| **राजश्व बाँडफाँट** | १५,७४,०२,९४९.२ | **वित्तीय/अन्य व्यवस्था** | २९,४०,४४,८४४.९ |
| **आन्तरिक आय** | १०,२०,७७,८६५.०२ | | |
| **अन्य आय** | ३२,८९,३५,८३९.१ | | |
| **कुल आय** | १,२४,०२,७४,२०३.३२ | **कुल खर्च** | १,२१,६७,९७,६२७.३ |
| **बाँकी मौज्दात** | | २०,८६,९२,४८३.७ | |



https://nams.oag.gov.np

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | **परिचय**<br>स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्दतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायीक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको संचालन गर्न नगपालिकाको स्थापना भएको हो। स्थानीय सरकारले संचालन गर्ने हरेक कार्यमा सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रबर्द्धनगर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चितता गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरीय सेवा प्रदान गर्नु हो। लुम्बिनी प्रदेशस्थित रुपन्देही जिल्लामा अवस्थित यस गाउँपालिका अन्तर्गत११ वडा, ६० सभा सदस्य, १६२.१८ बर्ग कि.मी. क्षेत्रफल र ५५,८२२ जनसंख्या रहेकोछ। | |
| २ | | | **स्थानीय संञ्चित कोष**<br>आर्थिक वर्ष २०७७/ 7८कोयस नगरपालिकाको स्थानीय सञ्चित कोष आय-व्यय हिसाबको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छः | |

| सि.नं | आयतर्फ | | | सि.नं | व्ययतर्फ | | |
|---|---|---|---|---|---|---|---|
| | विवरण | रकम | रकम | | विवरण | रकम | रकम |
| १ | गत वर्षको जिम्मेवारी (बैंक) | 185215907.7 | 185215907.7 | १ | चालु खर्च | 534876899.4 | 534876899.4 |
| २ | राजस्व ( आन्तरिक आय) | | 259480814.2 | २ | पूँजीगत खर्च | 387875883 | 387875883 |
| | क) आन्तरिक राजस्व | 99287865.02 | | ३ | वित्तिय व्यवस्था भुक्तानी | | 0 |
| | ख) राजस्व बाँडफाँड | 157402949.2 | | | क) ऋण भुक्तानी | 0 | |
| | ग) अन्य आय | 2790000 | | | ख) ब्याज भुक्तानी | 0 | 0 |
| ३ | वित्तिय हस्तान्तरण संघ | | 578189550 | | ग) अन्य भुक्तानी | 0 | |
| | क)वित्तिय समानीकरण अनुदान | 120100000 | | ४ | लगानी | 0 | 0 |
| | ख) सशर्त अनुदान | 428089550 | | | ऋण लगानी | 0 | |
| | ग) समपूरक अनुदान | 0 | | | शेयर लगानी | 0 | |
| | घ) विशेष अनुदान | 30000000 | | ५ | धरौटी फिर्ता | 6610636 | 6610636 |
| ४ | प्रदेश हस्तान्तरीत अनुदान | | 73668000 | ६ | जनश्रमदान फिर्ता | 0 | 0 |
| | क)वित्तिय समानीकरण अनुदान | 5818000 | | ७ | विभिन्न कोषतर्फको खर्च | 72494211.8 | 72494211.8 |
| | ख) सशर्त अनुदान | 17850000 | | ८ | मौज्दात (बैंक मौज्दात) | | 208692483.7 |
| | ग) समपुरक अनुदान | 20000000 | | | क)संचित कोष मौज्दात | 157712154.7 | |


https://nams.oag.gov.np

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | घ) विशेष अनुदान | 30000000 | | | ख) विविध कोष मौज्दात | 9117753.99 | |
| ५ | अन्तर स्थानीय तहबाट प्राप्त | | 0 | | ग) आकस्मिक कोष | 9909797.24 | |
| ६ | अन्य | | 234914479 | | घ) प्रकोप व्य. कोष | 2240942 | |
| | क) सामाजिक सुरक्षा | 187949000 | | | ङ) बारुण यन्त्र कोष | 4431650 | |
| | ख)स्थानीय तह प्रशासकिय पूर्वाधार विकास कार्यक्रम | 4500000 | | | च)कर्मचारी कल्याण कोष | 4003951.71 | |
| | ग) स्वच्छ वातावरण कार्यक्रम | 2763804 | | | छ) धरौटी मौज्दात | 21276234 | |
| | घ) स्थानीय पूर्वाधार विकास विकास साझेदारी कार्यक्रम | 15714348 | | 9 | शसर्त अनुदान फिर्ता | 214939996.9 | 214939996.9 |
| | ङ) उद्योग मन्त्रालय (अनुदान) | 9200000 | | 10 | गत बर्षको बढी अल्या | 0 | 0 |
| | च)एकीकृत स्वास्थ्य पूर्वाधार का. | 9999927 | | 11 | जनश्रमदान मौज्दात | 0 | 0 |
| | छ) सडक बोर्ड नेपाल | 4787400 | | | | | |
| ७ | विभिन्न कोषतर्फको आय | 63386019.73 | 63386019.73 | | | | |
| ८ | लागत सहभागिता कोष | 15035413.99 | 15035413.99 | | | | |
| ९ | धरौटी आय | 15564431 | 15564431 | | | | |
| १० | अन्य विविध आय | 35495.11 | 35495.11 | | | | |
| | जम्मा | 1425490111 | 1425490111 | | जम्मा | 1425490111 | 1425490111 |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३</td><td></td><td></td><td>

**स्थानीय विकास कोषको सचिवालय तर्फ**

<table>
<tr><th>क्र.सं.</th><th>कार्यक्रमको नाम</th><th>गत वर्षको जिम्मेवारी</th><th>यस वर्षको आय</th><th>जम्मा</th><th>यस बर्षको खर्च</th><th>मौज्दात</th></tr>
<tr><td>1</td><td>घुम्तीकोष लगानी</td><td>2937109.71</td><td>5436694.89</td><td>8373804.6</td><td>7983280</td><td>390524.6</td></tr>
<tr><td>2</td><td>प्रशासनिक तथा कार्यक्रम संचालनखर्च</td><td>844093.15</td><td>110950.19</td><td>955043.34</td><td>593136</td><td>361907.34</td></tr>
<tr><td>3</td><td>कर्मचारी कल्याण कोष</td><td>2869219.78</td><td>149756.89</td><td>3018976.67</td><td>0</td><td>3018976.67</td></tr>
<tr><td></td><td>जम्मा</td><td>6650422.64</td><td>5697401.97</td><td>12347824.61</td><td>8576416</td><td>3771408.61</td></tr>
</table>

</td><td></td></tr>
<tr><td>४</td><td></td><td></td><td>

**खरिद व्यवस्थापन**

</td><td></td></tr>
<tr><td>४.१</td><td></td><td></td><td>

**योजना छनौट र कार्यान्वयन** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त हुने प्रगतिका योजना छनौट गरि प्राथामिकीकरण गर्नुपर्ने व्यवस्था छ । सभाबाट स्वीकृत बार्षिक गाउँ विकास योजना २०७७/७८ को अध्ययन गर्दा पालिकाले स्वीकृत गरी सञ्चालन गरेको अधिकांश योजना न्यून बजेट भएका र लागत प्रभावी हुने किसिमले संचालन गरेको पाइएन । पालिकाले यस वर्ष संचालन गरेका योजना देहाय अनुसार छन् ।

<table>
<tr><th>रु १ लाख सम्म</th><th>रु १ लाख देखि २ लाख सम्म</th><th>रु २ लाखदेखि ५ लाख सम्म</th><th>रु ५लाख देखि १० लाख सम्म</th><th>रु १० लाखदेखि ५० लाख सम्म</th><th>५० लाखभन्दा बढी</th><th>जम्मा</th></tr>
<tr><td>३५</td><td>४५</td><td>८१</td><td>४६</td><td>२९</td><td>१४</td><td>२५०</td></tr>
</table>

उपरोक्त विवरण अनुसार पालिकाले यस वर्ष रु.५०००० लाख देखि ५० लाख वढी सम्मका जम्मा २५० वटा योजना संचालन गरेकोमा रु. ५ लाख भन्दा मुनिका मात्र १६१ वटा योजनाहरु रहेका छन् । त्यसैले साना रकमका धेरै योजनाहरु संचालन गर्दा कार्यालयको जनशक्ति वर्षै भरि योजना व्यवस्थापनमा खटिनु पर्ने, संचालित योजनाबाट चालु प्रकृत्तिका कार्यमा बढी खर्च भई लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत नकारात्मक असर पर्ने अवस्था तर्फ ध्यान दिनु पर्दछ ।

</td><td></td></tr>
<tr><td>४.२</td><td></td><td></td><td>कार्य सम्पन्न प्रतिवेदन - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५(२) मा कुनै निर्माण कार्य सम्पन्न भई त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि प्राविधिक कर्मचारीबाट जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नु व्यवस्था छ । यस स्थानीय तहले उल्लिखित कानूनी व्यवस्था बमोजिम त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि कार्य सम्पन्न प्रतिवेदन तयार गरेको पाइएन । कानूनी व्यवस्थाको पालना नभएकोले त्यस्तो निर्माण कार्य स्वीकर्त ड्रइङ डिजाइन वा स्पेसिफिकेशन बमोजिम भए नभएको यकिन हुन सक्ने अवस्था दिखएन । साथै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११७ वमोजिम सार्वजनिक निकायले सम्पन्न भएको निर्माण कार्य, आपूर्ती गरिएको मालसामान वा प्रदान गरिएको मालसामान वा प्रदान गरिएको सेवा स्वीकार्दा सोको प्रतिवेदन तयार गर्नुपर्नेमा सो नभएकोले कार्य स्वीकार प्रतिवेदन पेश गर्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>४.३</td><td></td><td></td><td>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको सार्वजनिक परीक्षण गरेको पाईएन । सार्वजनिक परीक्षणको अभावमा आर्थिक कारोबारमा जवाफदेहिता र पारर्दशिताको प्रबर्द्धन गर्ने कार्यमा बाधा पर्ने देखिन्छ । नगरपालिकाले ऐन बमोजिम सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो बनाउन सार्वजनिक परीक्षण र सुनुवाई गर्नु पर्दछ ।</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>५</td><td></td><td></td><td>
कोभीड आम्दानी र खर्च<br>
कोभिड-१९ रोकथाम नियन्त्रण र व्यवस्थापन कोषमा २०७७।७८ मा गत वर्षको जिम्मेवारी रु.३१८६३०२.०४/-र संघ तथा स्थानीय तहबाट रु.२९२०८४५४/- गरी कुल रु.३२३९४७५६/- आम्दानी रहेकोमा क्वारेन्टीन र आईसोलेसन, अस्पताल निर्माण, औषधी र स्वास्थ्य सामाग्री तथा अन्यमा रु.२२४८४९५८.७६/- खर्च भई रु. ९९०९७९७.२४/- मौज्दात रहेको देखियो । यस सम्बन्धी बिबरण निम्नानुसार रहेको छः
<table>
<tr><th>आयतर्फ</th><th>रकम</th><th>व्ययतर्फ</th><th>रकम</th></tr>
<tr><td>गत वर्षको जिम्मेवारी</td><td>3186302.04</td><td>कर्मचारी पारिश्रमिक</td><td>1886782</td></tr>
<tr><td>कोभिड विमा वापत प्राप्त रकम</td><td>3000000</td><td>जोखिम भत्ता</td><td>3572106</td></tr>
<tr><td>नगरपालिका र दाता सहयोग</td><td>26208454</td><td>विमा रकम भुक्तानी</td><td>3000000</td></tr>
<tr><td></td><td></td><td>आईसोलेशन तथा क्वारेन्टीन खर्च</td><td>1485395</td></tr>
<tr><td></td><td></td><td>औषधी तथा स्वास्थ्य सामाग्री खरिद</td><td>12540676</td></tr>
<tr><td></td><td></td><td>बैंक मौज्दात</td><td>9909797.24</td></tr>
<tr><td>जम्मा</td><td>32394756</td><td>जम्मा</td><td>32394756</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>६</td><td></td><td></td><td>
राजश्व र म.ले.प फाराम<br>
आन्तरिक आयः आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को परिच्छेद ५ दफा २७ बमोजिम कारोवारको लेखा महालेखा परीक्षकको कार्यालयबाट स्वीकृत भए बमोजिमको ढांचामा राख्नुपर्ने र सरकारलाई प्राप्त हुने राजश्व र सरकारी रकम कार्यालयमा प्राप्त भएपछि सोही दिन वा त्यसको भोलिपल्ट दाखिला गर्नुपर्ने उल्लेख छ । पालिकाले तोकिए बमोजिमका म.ले.प फारामहरुको प्रयोग गरी विवरण तयार गरेको छैन । साथै निम्नबमोजिम राजश्व फारामहरु नराखेकोले आन्तरिक नियन्त्रण हुने गरी तोकिए बमोजिमका निम्नानुसार फारमहरु अनिवार्य प्रयोग गरी राजस्वको लेखा राख्नु पर्दछ ।<br>
- नगदी प्राप्ती रसिद म.ले.प फाराम नं. १०१<br>
- दैनिक राजश्व/ आम्दानी खाता म.ले.प फाराम नं. १०२<br>
- राजश्व /आम्दानीको शीर्षकगत खाता म.ले.प फाराम नं. १०४<br>
- राजश्व आम्दानीको गोश्वारा खाता म.ले.प फाराम नं. १०५<br>
- राजश्व आम्दानीको दैनिक नगद प्राप्त गोश्वारा खाता म.ले.प फाराम नं. १०६<br>
- राजश्व आम्दानीको दैनिक बैंक भौचर प्राप्त गोश्वारा खाता म.ले.प फाराम नं. १०७
</td><td></td></tr>
<tr><td>७</td><td></td><td></td><td>सम्पत्ति उपयोग र संरक्षण</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७.१ | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुनुपर्ने र यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्नेमा एकीकृत रुपमा समाहित भएका गा.वि.स सहितको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख तयार गरेको देखिएन । नगरपालिकाले समाहित भएका साविक गा.वि.स तथा नगरपालिकाको एकीकृत चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख प्रतिवेदन तयार गर्नु पर्दछ । | |
| ७.२ | | | नगरपालिकाले आफुसँग भएको सम्पत्ति, जग्गाको संरक्षण, उपयोग र प्रभावकारी परिचालन गर्न उपयोग नीति तथा मापदण्ड बनाई सार्वजनिक पर्ति ऐलानी जग्गा तथा सम्पतिको अतिक्रमण भए नभएको अनुगमन गर्न संरक्षण र उपयोग नीति तथा मापदण्ड बनाएको छैन । सम्पतिको संरक्षण र उपयोग नीति र मापदण्ड निर्माण र पालना गरी सार्वजनिक सम्पत्तिको प्रभावकारी प्रयोग गर्न सम्पतिको संरक्षण र उपयोग नीति र मापदण्ड तयार गर्नु पर्दछ । | |
| ८ | | | **वित्तीय विवरण** | |
| ८.१ | | | **बैक हिसाब मिलान नगरेको** – स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान विवरण तयार गर्नुपर्नेमा स्थानीय तहले सञ्चालन गरेको देहायबमोजिमको खाताको बैंक हिसाब मिलान विवरण तयार नगरेको कारण निम्नानुसार फरक पर्न गएकोले बैंक हिसाब मिलान विवरण तयार गरी यकिन गनुपर्ने रु.<br><br>खाताको नाम \| श्रेस्ताअनुसार बाँकी \| बैँक अनुसार बाँकी \| फरक<br>संचित कोष खाता \| 157712154.71 \| 126234231.45 \| 31477923.26<br>धरौटी खाता \| 21276234 \| 21187234 \| 89000<br>जम्मा \| \| \| 31566923.26 | ३१,५६६,९२३ |
| ८.२ | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेको पाईएन । त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ । | |
| ८.३ | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी कर्मचारी कल्याण कोष स्थापना गर्नुपर्नेमा गरेको छैन । नगरपालिकाले यस वर्ष एकमुष्ट रु.500000/- बजेट व्यवस्था गरी कर्मचारी कल्याण कोषमा ट्रान्सफर गरेको भएतापनि कर्मचारीको अंश कट्टी गरेको छैन । ऐनको व्यवस्था बमोजिम कर्मचारीहरुको योगदान कट्टा गरी अवकाश कोष स्थापना गरिनु पर्दछ । | |
| ८.४ | | | आर्थिक कार्यविधि कानून बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्नेमा नगरपालिकाले बार्षिक रुपमा मात्र प्रगती विवरण तयार गरेको देखियो । ऐन बमोजिम स्वीकृत भएको कार्यक्रमहरुको चौमासिक प्रगति विवरण तयार गरी कार्य संचालन गरिनु पर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ९ | | | **आन्तरिक नियन्त्रण** | |
| ९.१ | | | स्थानीय सरकार सञ्चालन ऐन २०७४, आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व कानून तथा पालिकाको कारोवारको आकार, जटिलता तथा संरचना बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा निम्नानुसार व्यवस्थाको परिपालना भएको छैन । यस सम्बन्धी व्यहोरा निम्नानुसार रहेका छन्ः<br> स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा नगरेको,<br> स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा नगरेको,<br> पालिकाले कार्यक्रमगत तथा योजनागत खाता नराखेको,<br> पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्वयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार नगरेको,<br> अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार नगरेको,<br> पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरेको,<br> वडा कार्यालयमा रहेका जिन्सी सामान अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक नगरेको,<br> जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा नगरेको,<br> सार्वजनिक खरिद नियमावलि 2064 को नियम 7 र 8 खरिद अनुसार गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार नगरेको,<br> संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता नगरेको,<br> वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार नगरेको,<br> मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फर्छयौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख नगरपालिकाले एकिन गरी अध्यावधिक नगरेको,<br> बैंक हिसाब मिलान विवरण तयार नगरेको,<br> अधुरा आयोजनाको समिक्षा नगरेको आदि । | |
| ९.२ | | | **सूचना प्रविधी पद्धतिः** कार्यालयले राजश्व जस्तो संवेदनशील विषयमा आन्तरिक नियन्त्रण कायम हुने गरी सूचना प्रणाली व्यवस्थापन गर्नु पर्दछ । नगरपालिकाले राजश्व संकलनमा प्रयोग गरेको सफ्टवेयरमा कार्यालय प्रमुख र लेखा प्रमुखको पहुँच स्थापना गरी अनुगमन र मुल्याङ्कन गर्न मिल्ने व्यवस्था गरेको पाईएन । सूचना प्रविधी नियन्त्रण वातावरणमा कार्यालयको कारोवारसङ्ग सम्बन्धित लेखापालन, अभिलेख, प्रतिवेदन लगायतका सूचना प्रविधिसङ्ग सम्बन्धित प्रणाली व्यवस्था (application control) सम्बन्धित सफ्टवेयर कम्पनीमा र प्रवेश नियन्त्रण (access control) राजश्व शाखा प्रमुख र नगरपालिकाको राजश्व काउन्टर संचालन गर्ने प्रयोगकर्ता सँग मात्र रहेको पाईयो । यस सम्बन्धी निम्न व्यहोरा देखियोः<br> सूचना प्रविधी पद्धतिमा युजर एक्सेस व्यवस्थापन सम्बन्धित सफ्टवेयर म्यानुअल अनुसार र म. ले. प. फाराम ९०१ र ९०२ बमोजिम कार्यान्वयन नगरेको,<br> सफ्टवेयर म्यानुअलमा तोकिए अनुसार सेक्युरिटी प्रोटोकल र सुरक्षण विधी लागु नगरेको र त्यसको अभिलेख म. ले. प. फाराम ९०३ मा नराखेको,<br> सफ्टवेयर फेलरका वा अन्य असामान्य अवस्थामा भरपर्दो वैकल्पिक व्यवस्था नभएको<br>नगरपालिकाले राजश्व सम्बन्धी सूचना प्रणालीमा राजश्व शाखा प्रमुख, आर्थिक प्रशासन शाखा प्रमुख र कार्यालय प्रमुखको पहुँच हुने गरी संचालन गर्नु पर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ९.३ | | | नगरपालिकाले भ्रमण खर्च नियमावली, 2064 बमोजिम भ्रमण गर्दा स्वीकृत म.ले.प फारामहरुको प्रयोग गरी भ्रमण गर्ने पदाधिकारी तथा कर्मचारीको विवरण तयार गर्नु पर्दछ । नगरपालिकाले भ्रमणमा खटिने कर्मचारीहरुको दैनिक विवरण तयार नगरेको तथा भ्रमण प्रतिवेदन पनि तोकिए बमोजिम नबनाई औपचारिक रुपमा मात्र तयार गरेको देखियो । यस सम्बन्धी निम्न व्यहोरा निम्नानुसार छन्ः<br> म. ले. प. फाराम ९०७ बमोजिम भ्रमण गरेका सबै कर्मचारीका लागि दैनिक कार्य सम्पादन विवरण (Time Sheet) नरहेको,<br> म. ले. प. फाराम ९०८ बमोजिम भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीको भ्रमण अभिलेख खाता नराखेको,<br> म. ले. प. फाराम ९०९ बमोजिम भ्रमण प्रतिवेदन तयार नगरेको<br>नगरपालिकाले भ्रमण खर्च नियमावली बमोजिम भ्रमण गर्दा स्वीकृत म.ले.प फारामहरुको अभिलेख राखि भ्रमण खर्च गर्नु पर्दछ । | |
| ९.४ | | | महालेखा नियन्त्रक कार्यालयले सम्पूर्ण सरकारी कार्यालयहरुको बेरुजु लगतका लागि मलेप फारामको व्यवस्था गरिएको छ । कार्यालयले सोही बमोजिमको म.ले.प. फारामहरुको प्रयोग गर्नु पर्दछ । यस सम्बन्धी परीक्षण गर्दा निम्नानुसार व्यहोरा देखियोः<br>म. ले. प. फाराम ८०१ – बेरुजु लगत नरहेको,<br>म. ले. प. फाराम ८०५ – सम्परीक्षण गोश्वारा अभिलेख नराखेको ।<br>नगरपालिकाले तोकिए बमोजिमको म. ले. प. फाराम अद्यावधिक गरी विवरण तयार गरी अभिलेख राख्नु पर्दछ । | |
| १० | | | **शिक्षा तर्फ** | |
| १०.१ | | | राष्ट्रिय शिक्षा नीति, २०७६ मा विद्यालय शिक्षालाई गुणस्तरयुक्त बनाउन स्थानीय तहबाटै नियमित अनुगमन, निरीक्षण र सुपरिवेक्षण गरी सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तरको मापन गरी अनुगमन मुल्याकंन प्रतिवेन सार्वजनिक गर्नुपर्ने व्यवस्था रहेको छ । नगरपालिकाले सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तर पापन मापदण्ड तयार गरी अनुमगन मुल्याङ्कन प्रतिवेदन तयार गरेको छैन । यस सम्बन्धी निम्नानुसार व्यहोरा रहेका छन्<br> सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तरको मापन मापदण्ड बनाएको छैन ।<br> मापदण्ड बमोजिम अनुगमन गरेको छैन ।<br> अनुगमन मूल्याङ्कन प्रतिवेदन तयार गरेको छैन ।<br> प्रतिवेदन सार्वजनिक गरेको छैन ।<br>तसर्थ नगरपालिकाले सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तर पापन मापदण्ड तयार गरी अनुमगन मुल्याङ्कन प्रतिवेदन तयार गर्नु पर्दछ । | |
| १०.२ | | | पालिकाले बिद्यालय भौतिक पूर्वाधार विकास कार्यक्रम स्वीकृत गरी तयार गर्नुपर्ने, स्वीकृत कार्यक्रम र सम्झौता अनुसार अनुदान उपलब्ध गराउनु पर्ने र अनुदान निकासा अनुरुप नै पूर्वाधार निर्माण भए नभएको एकिन गर्नुपर्नेमा बिद्यालय भौतिक पूर्वाधार विकास कार्यक्रम स्वीकृत गरेको छैन । कार्यक्रम स्वीकृत गरी सम्झौता गराई अनुदान उपलब्ध गराउने तर्फ पालिकाले ध्यान दिनु पर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १०.३ | | | राष्ट्रीय शिक्षा नीति, २०७६ मा संघीय सरकारले तर्जुमा गरेको मापदण्ड र कार्यविधिका आधारमा निजी लगानीका विद्यालयहरुको स्थानीय सरकारबाट प्रभावकारी नियमन गरी पाठ्यक्रम तथा पाठ्यपुस्तक, शिक्षकको सेवा शर्त तथा सुविधा, शुल्कको सिमाको पालना, आर्थिक कारोबारमा पारदर्शिता र भौतिक पूर्वाधारहरुको स्थिति समेत एकिन गर्न निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गर्नुपर्ने व्यवस्था रहेको छ । नगरपालिकाले निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गरी अनुगमन प्रतिवेदन सार्वजनिक गरेको छैन । यस सम्बन्धी थप व्यहोरा निम्नानुसार रहेका छन्।<br> निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गरेको छैन ।<br> मापदण्ड बमोजिम अनुगमन गरेको छैन ।<br> निजी विद्यालय शुल्क निर्धारण तोकिए बमोजिम गरेको छैन ।<br> शुल्क निर्धारण र त्यसको कार्यान्वयनको अनुगमन गरेको छैन ।<br> अनुगमन प्रतिवेदन सार्वजनिक गरेको छैन आदि ।<br>अतः नगरपालिकाले विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गरी निजी विद्यालयहरुको अनुगमन गर्नु पर्दछ । | |
| १०.४ | | | कार्यक्रम कार्यान्वयन निर्देशिका २०७७/७८ को सि.नं. ३.१ अनुसार एकिन संख्याका आधारमा दोश्रो चौमासिक भित्र विद्यालयहरुलाई अनुदान दिनुपर्दछ । यसरी अनुदान दिँदा पहिलो पटकमा विद्यार्थी संख्याको ७५ प्रतिशतलाई मात्र अनुदान दिने र त्यसपछि २०७८ बैशाखबाट शुरु हुने शैक्षिक सत्रको विद्यार्थी भर्नाको विवरण, पाठ्यपुस्तक खरीद र वितरण गरेको विवरणका आधारमा संख्या एकिन गरी नपुग हुने रकम मात्र थप अनुदान दिने व्यवस्था उल्लेख छ । कार्यालयले निर्देशिका विपरित विद्यालयको मागको आधारमा विद्यालयलाई एकमुष्ट अनुदान उपलव्ध गराएको छ । विद्यार्थीको प्रमाणित कागजातका आधारमा नपुग रकम एकिन नगरी एकमुष्ट रकम निकासा पठाएकोले निर्देशिका विपरीत पठाएको पाठ्यपुस्तकको रकम वरावर विद्यार्थीले पाठ्यपुस्तक पाएको एकिन हुन सक्दैन । अत: निर्देशिका वमोजिम सुरुमा ७५ प्रतिशत तथा EMIS विवरणको आधारमा कागजात प्रमाणित गरी थप २५ प्रतिशत रकम निकासा गर्नुपर्दछ । | |
| १०.५ | | | स्थानीय सरकार सञ्चालन ऐन २०७४ अनुसार माध्यमिक तह सम्मका विद्यालय सञ्चालन तथा व्यवस्थापनको लागि आवश्यक नीति निर्माण, अनुगमन मुल्यांकन तथा नियमन सम्वन्धी कार्य सम्वन्धित पालिकाले गर्ने व्यवस्था भएकोमा पालिकाले विद्यालय अनुगमन सम्वन्धी मापदण्ड तय गरेको छैन । जसबाट विद्यालय अनुगमन कार्य साथै शिक्षण सिकाई कार्य प्रभावकारी रुपमा सञ्चालन हुन नसक्ने देखिएकाले अनुगमन मापदण्ड तयार गरी विद्यालय अनुगमन कार्यलाई प्रभावकारी रुपमा सञ्चालन गर्ने तर्फ ध्यान दिनुपर्छ । | |
| ११ | | | **कानुन निर्माण एवं कार्यान्वयन** | |
| ११.१ | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म ३० वटा ऐन, १७ वटा नियमावली गरी ४७ वटा कानुन र कार्यविधि लगायत निर्माण गरी कार्यान्यनमा ल्याएको छ । यस पालिकाले सार्वजनिक खरिद नियमावली तयार गरेको छैन् । तसर्थ, आवश्यक सवै कानूनहरु तर्जुमा गरी उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरी कार्यान्वयनमा ल्याउनु पर्दछ । | |
| ११.२ | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी रहेको २८ वटा र यो बर्ष थप भएको २९ गरी कुल ५७ विवाद दर्ता भएकोमा १४ वटा मात्र फछ्र्यौट भई ५३ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनु पर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १२ | | | **अनुदान प्राप्ती, वितरण, उपयोग र फिर्ता**<br>संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समपुरक वाहेकका अनुदान खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था बमोजिम खर्च हुन नसकेका शर्त सहितका अनुदान फिर्ता समयमा नै गर्नुपर्ने भएकाले पालिकाले यसमा ध्यान दिनुपर्दछ । | |

| अनुदान प्रदान गर्ने निकाय | अनुदानको प्रकार | प्राप्त रकम | खर्च रकम | फिर्ता रकम |
|---|---|---|---|---|
| संघीय सरकार | सशर्त | ४२८०८९५५० | २७१६७३७७० | १५६४१५७८० |
| | विशेष | ३०००००००० | १७६१४६७४ | १२३८५३२६ |
| प्रदेश सरकार | सशर्त | १७८५०००० | ११२७०८०६ | ६५७९१९४ |
| | विशेष | ३०००००००० | १६३७२८०८ | १३६२७१९२ |
| | समपुरक | २००००००० | १४१७२५४२ | ५८२७४५८ |
| जम्मा | | ५२५९३९५५० | ३३११०४६०० | १९४८३४९५० |

पालिकालाई संघीय तथा प्रदेश सरकारले रु.५२५९३९५५० अनुदान पठाएकोमा जम्मा रु. ३३११०४६०० मात्र खर्च गरी रु. १९४८३४९५० फिर्ता गरेको छ । पालिकाले प्राप्त गरेको अनुदानको ३७.०४ प्रतिशत अनुदान खर्च गर्न नसकी फिर्ता गर्नुले पालिकाको कार्यसम्पादन क्षमतामा कमजोरी देखिन्छ । यसले पालिकाको अपेक्षित आर्थिक तथा सामाजिक विकासको गतिलाई सुस्त पारेकाले सम्बन्धित सम्पूर्ण पक्ष जिम्मेवार भई सहकार्य गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त अनुदानको महत्तम उपयोग गर्नुपर्दछ ।

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १३ | | | **पेश्की वाँकी**<br>पेश्की बाँकीः आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४७ अनुसार दिईएको पेश्की लिने व्यक्ति तथा संस्थाले काम सम्पन्न भएको पन्ध्र दिनभित्र खर्च प्रमाणित गर्ने आवश्यक बील भरपाई र कागजात सहितको प्रतिवेदनका आधारमा कार्यालय समक्ष पेश गर्नुपर्ने र कार्यालयले पेश भएको सात दिनभित्र फछ्र्यौट गर्नुपर्ने व्यवस्था रहेको छ । नियम ५२(३) अनुसार कार्यालयले दिएको म्याद ननाघेको तथा म्याद नाघेको पेश्कीको निम्नानुसार विवरण तोकिएको समयमा नै कार्य सम्पन्न गरी पेश्की फछयौट गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ । | २७८,००० |

| | | पेश्की बाँकीको विवरण | | |
|---|---|---|---|---|
| सि.नं. | पेश्की लिनेको नाम | योजना/कार्यक्रम | पेश्की रकम | कैफियत |
| 1 | के एण्ड के.जी. जय अम्बे जे.भी. | विद्यालय भवन निर्माण | 4065000 | म्याद ननाघेको |
| 2 | घिसिङ श्रीखण्डपुर विआईएस जे.भी. | बहुउद्धेश्यीय भवन निर्माण | 4674000 | म्याद ननाघेको |
| 3 | तिरुपति निर्माण सेवा तथा सप्लायर्स | सडक कालोपत्रे निर्माण | 1570914 | म्याद ननाघेको |
| 4 | सिभिल विल्डर्स एण्ड ईन्जिनियरिङ्ग कन्स्ट्रक्सन | खेलकुद मैदान निर्माण | 1400000 | म्याद ननाघेको |
| 5 | गृह डेभलपर्स प्रा.लि. | सडक कालोपत्रे निर्माण | 660668 | म्याद ननाघेको |
| 6 | धर्म एस/आर. आर जे.भी. | बोलबमधाम मन्दिर निर्माण | 5762000 | म्याद ननाघेको |
| 7 | जय देउराली निर्माण सेवा प्रा.लि. | सडक कालोपत्रे निर्माण | 497000 | म्याद ननाघेको |
| 8 | नेपाल विद्युत प्राधिकरण | विद्युत लाईन विस्तार | 278000 | म्याद नाघेको |
| 9 | श्याम सुन्दर/एन बी जे.भी. | १५ शैयाको अस्पताल भवन निर्माण | 9765000 | म्याद ननाघेको |
| | जम्मा | | 28672582 | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १४ | | | **बजेट तथा कार्यक्रम** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| १४.१ | | | स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ म स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपप्रमुख ज्युबाट मिति २०७७।३।१० गते रु. ७३ करोड ३२ लाख २७ हजार ५४४ बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७७।३।१४ मा पारित भएको छ । कानूनले तोकेको समयमा आय र व्ययको अनुमान पेश गरी पारित गर्ने र अख्तियारी दिनेतर्फ ध्यान दिनुपर्दछ । | |
| १४.२ | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था बमोजिम समिति गठन गर्नुपर्ने र समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने तथा बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध गराउनुपर्ने व्यवस्था रहेको छ । पालिकाले ऐन बमोजिम स्रोत अनुमान तथा बजेट निर्धारण समिति गठन गरेको भएतापनि विषयगत क्षेत्रको बजेट तर्जुमा तोकिएको समयभित्र गरी बजेट सीमा विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध गराएको छैन । पालिकाले ऐन बमोजिम चरणबद्व रुपमा स्रोत अनुमान सहितको बजेट तर्जुमा गरी तोकिएको समयमा नै विषयगत शाखा तथा वडा समितीलाई जानकारी गराउनु पर्दछ । | |
| १४.३ | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार समिति गठन गरेर आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकिकरण, कार्यक्रम बिच परिपूरकता कायम गरेर बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१४.४</td><td></td><td></td><td>स्थानीय तहको एकिकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक वजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७७/७८ को क्षेत्रगत वजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।
<table>
<tr><th>क्र.स</th><th>क्षेत्र</th><th>बजेट</th><th>खर्च</th><th>खर्च प्रतिशत</th><th>जम्मा खर्चको तुलना</th></tr>
<tr><td>१</td><td>आर्थिक विकास</td><td>१०९९४०४०२</td><td>७८५९५०४५</td><td>७१.४८</td><td>१०.८८</td></tr>
<tr><td>२</td><td>पूर्वाधार विकास</td><td>४०६८९६६७१</td><td>२२७७८७७८१</td><td>५५.९८</td><td>३१.५५</td></tr>
<tr><td>३</td><td>सामाजिक विकास</td><td>३२३७१६८०७</td><td>२६५५०९८९३</td><td>८२.०२</td><td>३६.७८</td></tr>
<tr><td>४</td><td>वातावरण विकास</td><td>१२०८९९९२</td><td>१०५१७४४०</td><td>८६.९९</td><td>१.४६</td></tr>
<tr><td>५</td><td>संस्थागत विकास, सेवा प्रवाह र सुशासन</td><td>१५६०००८१</td><td>१२१८९१०८</td><td>७८.१३</td><td>१.६९</td></tr>
<tr><td>६</td><td>अन्य कार्यालय संचालन तथा प्रशासनिक</td><td>१६०७७३९४१</td><td>१२७३३१७८३</td><td>७९.२०</td><td>१७.६४</td></tr>
<tr><td></td><td>जम्मा</td><td>१०२९०१७८९४</td><td>७२१९३१०५०</td><td>७०.१५</td><td>१००</td></tr>
</table>
माथिको विवरण अनुसार आर्थिक वर्ष २०७७/७८ को कुल खर्च मध्ये सबैभन्दा वढी सामाजिक विकासमा ३६.७८ र सबैभन्दा घटी संस्थागत विकास, सेवा प्रवाह र सुशासनमा १.६९ खर्च भएको छ ।त्यस्तै, पालिकाले कुल वजेटको केवल ७०.१५ प्रतिशत मात्र खर्च गरेको छ। मध्यमकालिन खर्च संरचना तयार गरी दिगो विकासका स्थानीय लक्ष्य, गन्तव्य र सूचकहरु निर्धारण गरी सोही आधारमा बजेट सांकेतिकरण गरी स्थानीय आवधिक योजनाका नीति कार्यान्वयन हुने गरी वजेट व्यवस्थापन गर्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>१४.५</td><td></td><td></td><td>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीय तहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कन सहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था रहेको छ । पालिकाले तोकिए बमोजिम प्रोफाइल तयार गरेको छैन । ऐन अनुसार आफ्नो क्षेत्रको एकिकृत अभिलेख र जानकारी समेटिएको प्रोफाईल तयार गर्नु पर्दछ ।</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१४.६</td><td></td><td></td><td>
आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलब्ध गराएको विवरण अनुसार चौमासिक खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ।<br>
(रु. हजारमा)
<table>
<tr><th>बजेट उपशिर्षक</th><th>कुल खर्च</th><th colspan="4">चौमासिक खर्च</th></tr>
<tr><th></th><th></th><th>प्रथम चौमासिक</th><th>दोश्रो चौमासिक</th><th>तेश्रो चौमासिक</th><th>आषाढ महिना</th></tr>
<tr><td>चालु खर्च</td><td>३७३६९६</td><td>९५१७९</td><td>८५७७१</td><td>१९२७४६</td><td>१२९४२३</td></tr>
<tr><td>पूँजिगत खर्च</td><td>३४८२३४</td><td>३२४५३</td><td>६२४३४</td><td>२५३३४७</td><td>१६४००२</td></tr>
<tr><td>जम्मा</td><td>७२१९३०</td><td>१२७६३२</td><td>१४८२०५</td><td>४४६०९३</td><td>२९३४२५</td></tr>
<tr><td>प्रतिशत</td><td></td><td>१७.६८</td><td>२०.५३</td><td>६१.७९</td><td>४०.६४</td></tr>
</table>
पालिकाले उपलब्ध गराएको विवरणअनुसार रु. ७२ करोड १९ लाख ३० हजार खर्च भएकोमा प्रथम चौमासिकमा रु. १२ करोड ७६ लाख ३२ हजार अर्थात १७.६८ प्रतिशत, दोश्रो चौमासिकमा रु १४ करोड ८२ लाख ५ हजार अर्थात २०.५३ प्रतिशत र तेश्रो चौमासिकमा रु ४४ करोड ६० लाख ९३ हजार अर्थात ६१.७९ प्रतिशत खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु २९ करोड ३४ लाख २५ हजार अर्थात ४०.६४ प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च ब्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ ।
</td><td></td></tr>
<tr><td>१५</td><td></td><td></td><td>पदाधिकारी सुविधा र विविध खर्च</td><td></td></tr>
<tr><td>१५.१</td><td></td><td></td><td>पदाधिकारी अन्य सुविधाः आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ को उपनियम १ मा बजेटको सीमाभित्र रही निर्धारित कार्यमा खर्च गर्नुपर्ने व्यवस्था रहेको र उपनियम ३ मा खर्च गर्दा खर्चको विल भरपाई सहित लेखा राख्नुपर्ने, विल भरपाई आउन नसक्ने काममा खर्च भएको फुटकर खर्चको हकमा खर्च गर्ने कर्मचारीले प्रमाणित गरी अधिकार प्राप्त अधिकारीद्वारा समर्थन गराई लेखा राख्नुपर्ने व्यवस्था छ । सोही उपनियम ३ को स्पष्टिकरणमा फुटकर खर्च भन्नाले एक पटकमा १ हजार रुपैंया भन्दा कम रकमको टेक्सी रिक्सा भाडा कुल्ली खर्च र दक्षिणा भन्ने उल्लेख छ । लुम्बिनी प्रदेशको प्रदेश सभाले बनाएको स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन-२०७६ को दफा ३,४,५,६,७,८ र ९ संग सम्बन्धित अनुसुची अनुसार स्थानीय तहका पदाधिकारीहरुलाई टेलिफोन तथा मोवाइल, पुस्तक पत्रपत्रिका तथा इन्टरनेट,जनसम्पर्क तथा विशेष कार्यसुविधा मर्मत सुविधा अतिथि सत्कार र खानेपानी विद्युत तथा सरसफाई खर्च दिने व्यवस्था गरेको व्यवस्था अनुसार कार्यालयले स्थानीय तहका पदाधिकारीहरुलाई यो वर्ष यातायात सुविधा रु. ३९५४०००/-, टेलिफोन तथा मोवाइल रु.१९५००००/-, पुस्तक तथा पत्रपत्रिका इन्टरनेट रु. १८८४०००/-, जनसम्पर्क विशेष कार्यसुविधा रु.३०८४०००/-, अतिथि सत्कारमा रु. १०२००००/-, खानेपानी र सरसफाईमा रु.१२००००/-, मर्मत संभार विजुलीमा रु.१२००००/- र चाडपर्व खर्चमा रु.५५६०००/- समेत रु.१२६८८०००/- खर्च भुक्तानी गरेको देखियो ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १५.२ | | | लुम्बिनी प्रदेश, स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७६ मा यस प्रदेशमा स्थानीय तहका प्रमुख तथा उप प्रमुखले प्रेस संयोजक/सल्लाहकार राख्न पाउने व्यवस्था छैन। नगर प्रमुखको कानुनी सल्लाहकारका रुपमा कृष्ण प्रसाद वस्याल र प्रेस संयोजकका रुपमा टिका खरेललाई नियुक्त गरी वार्षिक रु.३,६६,००० र ३,००,००० गरी ६,६६,०० भुक्तानी भएको छ। तसर्थ , यस प्रकारका खर्चमा कटौती नगर्दा पालिकालाई थप व्यभार बढ्ने भएकाले यस्ता खर्चमा नियन्त्रण गर्नुपर्दछ। | |
| १५.३ | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । तर पालिकाले यस वर्ष ४५ जनालाई ९२१००० आर्थिक सहायता वितरण गरेका छन् । आर्थिक सहायता खर्च लेख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ । | |
| १६ | | | **संगठन तथा कर्मचारी ब्यवस्थापन** | |
| १६.१ | | | कर्मचारी करार – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न 12 पदमा 41 जना कर्मचारीहरु करारमा राखी रु.1,09,13,760/- खर्च लेखेको छ । त्यसैगरी सोही ऐनको २०७४ को दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैँचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । स्थानीय तहले माथि उल्लेखित पद वाहेकको विभिन्न 6 पदमा 12 जना करार नियुक्ति गरी बर्षभरीमा रु.43,33,170/- भुक्तानी गरेको अनियमित देखिएको रु. | ४,३३३,१७० |
| १६.२ | | | कर्मचारी प्रोत्साहन भत्ता - स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवा गठन, संचालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन, संचालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुबिधा सम्बन्धि अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । सैनामैना नगरपालिकाको कार्य सम्पादनमा आधारित प्रोत्साहन सुविधा उपलब्ध गराउने (कार्यविधि सम्बन्धि ) ऐन, २०७६ वमोजिम नगरपालिकाको आन्तरिक स्रोतबाट रु. ४७४९६१५ खर्च लेखेको छ । | |
| १७ | | | **ठे.नं. NCB/32/076/77 River Training Works** | |
| १७.१ | | | **भेरिएशन अर्डर :** सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ११८ मा भेरिएशन आदेश सम्वन्धि व्यवस्था रहेको छ । यस ठे.नं. NCB/32/076/77 River Training Works (Revetment and Studs) nearby Solid Waste Processing Center at Khormor Khola, Sainamaina-10 निर्माण कार्यको शुरु लागत अनुमान रु ३,९२,२०,१५८।८५ (मू.अ.कर समेत) रहेकोमा भेरिएशन जारी पछी रु ४,१०,५०,६६८।५१ (मू.अ.कर समेत) अर्थात ४.६७% र शुरु कवोल अंक रु २,६३,४७,२७७।२० (मू.अ.कर समेत) रहेकोमा भेरिएशन जारी पछी रु २,७८,८८,३९३।८० अर्थात ५.८५% प्रतिशत कायम भएको छ । शुरु लागत अनुमानमा ४.६७% वृद्धि भएकोमा शुरु सम्झौता रकममा ५.८५% वढी भेरिएशन आदेश जारी भएको छ । नेगेटिभ भेरिएशन आदेश जारी भएको छ । अर्थात वढी दर कवोल गरेको कामको आइटम वढेको देखिन्छ । भेरिएशन आदेश जारी गर्दा मितव्ययी तर्फ पालिकाले ध्यान दिनु पर्दछ । | |
| १७.२ | | | **कार्य सम्पादन जमानतको म्याद थप :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११०(४) मा कार्यसम्पादन जमानतको अवधि निर्माण कार्यको त्रुटी सच्याउने दायित्वको अवधि भन्दा कम्तिमा एक महिना बढीको अवधि हुनुपर्ने व्यवस्था छ ।यस निर्माण कार्यको म्याद थप पटक पटक गरी तीन पटक भएकोमा पहिलो र दोश्रो पटक म्याद थप गर्दा कार्य सम्पादन जमानत र वीमाको म्याद थप भएको देखिएन । तेश्रो पटक म्याद थप गर्दा मात्र कार्य सम्पादन जमानत र वीमाको म्याद थप गरेको छ । म्याद थप गर्नु अघि म्याद थप अवधिको आधारमा त्रुटी सच्याउने अवधि धान्ने कार्यसम्पादन जमानत र वीमाको म्याद थप गरेपछी मात्र निर्णय गर्ने तर्फ पालिकाले ध्यान दिनु पर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १८ | | | **ठे.नं. NCB/28/076/77 Construction of Blacktop Road**<br>**लागत सहभागिताको अंश:** यस ठे.नं. NCB/28/076/77 Construction of Blacktop Road (Asphalt Concrete cum Premix) at Ward no. 9 निर्माण कार्यको लागत सहभागिताको अंश ३०% रहने उल्लेख भएको छ । यस वडा नं. ९ मा कालोपत्रे गर्ने कार्यको कवोल अंक रु ६७,१४,९९७।४०(मू.अ.कर समेत) को मिति २०७७।३।३१ मा सम्पन्न गर्ने गरी मिति २०७७।३।१० मा सम्झौता भएको छ । कुल लागतको उपभोक्ताको लागत सहभागिताको अंश ३०% रहेको छ । यस निर्माण कार्यको हालसम्म रु ६०,८०,२४६।९० भुक्तानी भएकोमा लागत सहभागितावाट रु १६,१७,०२०।०० अर्थात २६.५९% भुक्तानी दिएको देखियो । लागत सहभागिता कोषवाट ३.४१% अर्थात २,०७,३३६।०० रकम कम गरी पालिका वोर्डको मिति २०७७।९।२८ को निर्णय वाट जनसहभागिता वापतको रकम पालिकावाट व्यहोर्ने निर्णय भएको छ । स्वीकृत कार्यक्रमको प्रभावकारी कार्यान्वयन गरी सरकारी रकमको मितव्ययीता तर्फ पालिकाले ध्यान दिनु पर्दछ । यस निर्माण कार्यको काम हाल सम्म पनि सम्पन्न भएको छैन् । म्याद थप समेत भएको छैन् । पूर्वनिर्धारित क्षतिपूर्ति लगाई सम्वन्धित निर्माण व्यवसायीवाट कार्य सम्पन्न गर्नुपर्दछ । | |
| १९ | 208 | २०७८-२-१९ | **ठे.नं. NCB/06/075/76 Construction of Murgiya-Sisaudada Black Topped**<br>**राजस्व दाखिला गर्नुपर्नेमा खर्च घटाएको :** सार्वजनिक निकायले निर्माण व्यवसायीवाट हर्जना लिने निर्णय गरेको रकम सम्वन्धित राजस्व शीर्षकमा दाखिला हुनु पर्दछ । ठे.नं. NCB/06/075/76 Construction of Murgiya-Sisaudada Black Topped (Asphalt Concrete) Road को अन्तिम विल वापतको रु ६८,५७,७६४।७५ मध्ये पालिकावाट रु ३२,१२,१५४ भुक्तानी भएको छ । यस निर्माण कार्यको निर्माण व्यवसायीको ढिलाईका कारण थप भएको अवधिभित्र कार्य सम्पन्न नभएकोले २१ दिनको पूर्वनिर्धारित क्षतिपूर्ति वापत रु १,४५,६०९।९४ जरिवाना लगाएकोमा विलवाट कट्टी गरेतापनि राजस्व दाखिला गरेको देखिएन । राजस्व दाखिला गर्नुपर्ने रकम राजस्व दाखिला नगरी विलवाट घटाई कम खर्च लेखेको लेखाको मान्य सिद्धान्त अनुसार भएन । निर्माण व्यवसायीलाई हर्जना लगाई राजस्व खातामा दाखिला गर्नु पर्नेमा नगरेको नियम सम्मत भएन रु... | १४५,६०९ |
| २० | | | **कार्य प्रगति** | |
| २०.१ | | | **आवधिक प्रगति :** ठे.नं. NCB/1/076/77 वडा नं. ८ कार्यालय भवन निर्माण कार्यको लागि कवोल अंक रु ९९,८७,६०५।०४(मू.अ.कर समेत) को मिति २०७७।०७।१५ मा सम्पन्न गर्ने गरी मिति २०७६।१०।०७ मा सम्झौता भएको छ । खरिद सम्झौताको GCC को SCC 26.3 मा The period between Program updates is 30 days को व्यवस्था रहेको छ । यस कार्यको खरिद सम्झौता को व्यवस्था अनुसार निर्माण व्यवसायीवाट आवधिक कार्यक्रम पेश भएको तथा पालिकावाट माग भएको देखिएन । यस निर्माण कार्यको दोश्रो पटक मिति २०७८।८।२९ सम्म म्याद थप भएको छ । निर्माण कार्यको अधावधिक कार्यक्रम पेश नहुने र माग नगर्ने तर पटक पटक म्याद थप गर्ने परिपाटिमा नियन्त्रण हुनु पर्दछ । क. दोश्रो पटक मिति २०७८।८।२९ सम्म म्याद थप भएकोमा कार्य सम्पादन जमानत र वीमाको अवधि थप गरेको देखिएन । अत: म्याद थप गर्दा अनिवार्य रुपमा कार्य सम्पादन जमानत र वीमाको अवधि थप गर्ने तर्फ पालिकाले ध्यान दिनु पर्दछ । | |
| २०.२ | | | **कार्य प्रगति :** ठे.नं. NCB/15/077/78 वनकट्टी देखि रिङ्ग रोडसम्म सडक कालोपत्रे गर्ने कार्यको लागि पालिका र निर्माण व्यवसायी गृह डेपलोपर्स प्रा. लि. वीच कवोल अंक रु १,२४,२५,३३५।३२ को २०७८।०३।२५ मा सम्पन्न गर्ने गरी मिति २०७८।२।१९ मा सम्झौता भएको छ । यस निर्माण कार्यको प्रथम रनिङ्ग विल वापत रु २०,३९,६०६।६९ भुक्तानी भएकोमा यस पछी लेखापरीक्षणको अवधिसम्म कुनै काम भएको छैन् । लेखापरीक्षण अवधि सम्म निर्माण कार्यको म्याद थप समेत भएको छैन् । कार्य सम्पन्न गर्नु पर्ने अवधि सम्म जम्मा १६.४१% प्रगति भएको छ । कामको प्रगति अत्यन्त न्युन रहेको छ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१(क) वमोजिम पूर्वनिर्धारित क्षतिपूर्ति लगाई वाँकी काम सम्वन्धित निर्माण व्यवसायीवाट गराउनु पर्दछ । | |
| २१ | | | **ठे.नं. NCB/3/2077/78 सालझण्डी ढोरपाटन वसपार्कमा कमरसियल कम्प्लेक्स निर्माण** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २१.१ | | | ठे.नं. NCB/3/2077/78 सालझण्डी ढोरपाटन वसपार्कमा कमरसियल कम्प्लेक्स निर्माण: पालिका र निर्माण व्यवसायी घिसिङ्ग- श्रीखण्डपुर- वि.आई.एस. जे.भि सालझण्डी ढोरपाटन वसपार्कमा कमरसियल कम्प्लेक्स निर्माण कार्यको कवोल अंक रु ३,१०,६८,८६७.४२ (मू.अ.कर समेत) को मिति २०७८।१०।१५ मा सम्पन्न गर्ने गरी मिति २०७७।१०।२१ मा सम्झौता भएको छ ।यस सम्वन्धमा देखिएका व्यहोराहरु निम्नानुसार रहेका छन् :<br>**पेश्की :** सैनामैना नगरपालिका सार्वजनिक खरिद नियमावली, २०७६ को नियम १२२(२) मा पेश्की रकम जम्मा भएको बैंकको खाता र खर्चको प्रयोजन खुल्ने मासिक विवरण निर्माण व्यवसायीले नगरपालिकालाई नियमित रुपमा उपलब्ध गराउने व्यवस्था छ । नियम १२२(५) मा नगरपालिकाले दिएको पेश्की खरिद सम्झौतामा उल्लेख भए बमोजिम प्रत्येक रनिङ्ग विलबाट कट्टा गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले खरिद सम्झौतामा प्रत्येक रनिङ्ग विलवाट कति प्रतिशत पेश्की फर्छयौट गर्ने हो उल्लेख गरेको छैन् भने खर्चको प्रयोजन खुल्ने मासिक विवरण निर्माण व्यवसायीले पालिकामा पेश गरेको छैन् । निर्माण व्यवसायीलाई विलको भुक्तानी गर्दा स्वविवेकीय तवरवाट पेश्की कट्टी हुने अवस्था रहन्छ । खरिद सम्झौतामा प्रत्येक विलवाट कति पेश्की कट्टी गर्ने हो स्पष्ट उल्लेख गरी सम्झौताको प्रभावकारी कार्यान्वयन तर्फ पालिकाले ध्यान दिनु पर्दछ । | |
| २१.२ | | | **अनुदान फिर्ता :** प्रदेश नं. ५, समपूरक अनुदान व्यवस्थापन कार्यविधि, २०७५ मा को (४.३) मा प्रदेश सरकारले व्यहोर्ने अंश कूल लागतको बढीमा पचास प्रतिशत सम्मको रकम प्रदेश सरकारले समपूरक अनुदानको रुपमा प्रदान गर्न सक्ने र बाँकी अंश स्थानिय तहले विभिन्न ढाँचावाट व्यहोर्नु पर्ने व्यवस्था छ । कार्यविधिको (५.ज) मा कूल लागत रु ५० लाख भन्दा कमका आयोजना तथा कार्यक्रमका लागि समपूरक अनुदान उपलब्ध नहुने व्यवस्था छ । यस निर्माण कार्य प्रदेश समपुरक अन्तर्गतको रहेको र ५०-५०% प्रदेश र पालिकाले व्यहोर्नु पर्नेमा यस वर्ष भएको कुल खर्च रु १,४२,१९,३५४।०० (पेश्की रु ५४,४१,०००।०० समेत) मा प्रदेशले रु ७१,०९,६७७।३४ र पालिकाले पनि रु ७१,०९,६७७।३४ व्यहोर्नु पर्नेमा प्रदेशले रु ८०,११,३५४।६८ र पालिकाले रु ६२,०८,०००।०० व्यहोरेको छ । पालिकाले आफ्नो अंश कम व्यहोरी प्रदेशतर्फको वजेट रु ९,०१,६७७।३४ आर्थिक वर्षको अन्त्यमा फिर्ता नगरेको नियम सम्मत भएन रु | ९०१,६७७ |
| २२ | 42 | २०७८-३-१८ | **ठे.नं. NCB/01/077/78 (Namuna Basti Phase-3)**<br>**वढी भुक्तानी** : ठे.नं. NCB/01/077/78 (Namuna Basti Phase-3) सैनामैना नगरपालिका सार्वजनिक खरिद नियमावली २०६४ को नियम १३२(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ । यस नमुना वस्ती तेश्रो चरणको लागि अन्तिम विल वापत अर्विट इन्जिनियरीङ्ग एण्ड विल्डर्स प्रा.लि. लाई रु ९,३१,८२५।०० भुक्तानी भएको छ । यस कार्यको आइटम नं. 15 : 1" dia cpvc pipe SDR11 CTS, 22.5kg per cm2 include fixing laying with necessary fittings को नापी कितावमा १२५ घन मी. रहेकोमा रनिङ्ग विलमा १५५ घन मी. भुक्तानी भएकोले वढी भुक्तानी भएको ३० घन मी. @ रु ३०० (मू.अ.कर वाहेक) रु १०,१७०।००(मू.अ.कर समेत) सम्वन्धित निर्माण व्यवसायीवाट असुल हुनु पर्दछ रु..... | १०,१७० |
| २३ | | | **ठे.नं. NCB/04/077/78 Construction of Weekly Haatbazar at Murgiya(phase III)**<br>**स्थलगत निरीक्षण :** ठे.नं. NCB/04/077/78 Construction of Weekly Haatbazar at Murgiya(phase III) Sainamaina Municipality-3 - साप्ताहिक हाटवजार मुर्गियाको निर्माण कार्यको लागि आर्थिक बर्ष २०७७।७८ मा ठे.नं. NCB/04/077/78 वापत रु ६०,०१,५९५।५२, ठे.नं. NCB/02/076/77 वापत रु रु ५२,९१,३३२।००, SQ 12/077/78 वापत रु १९,०५,८१७।५७ र सोझै खरिद वापत रु ४,९३,७४२।२० समेत कुल रु १,३६,९२,४८७।०९ भुक्तानी भएको छ । यस निर्माण कार्यको लागि तीन चरणमा वोलपत्र मार्फत काम भएको, सिलवन्दी दरभाउपत्र वाट र सोझै खरिद वाट समेत कार्य भएको छ । निर्माण भएका केही टहराको टीन विग्रिएको अवस्था देखियो । उक्त विग्रिएको भाग कुन ठेक्का अन्तर्गत भएको हो ? मर्मत सम्भार गर्नु पर्ने अवधि भित्र पर्छ पर्दैन ? एकिन गर्न सकिएन । विस्तृत परियोजना प्रतिवेदन तयार गरी स्पष्ट ड्रइङ्ग डिजाइन (नक्सा) तयार गरी कुन काम र कति काम कहिले सम्पन्न भयो स्पष्ट देखिने अभिलेख, AS built drawings तयार गरी कार्य गरेको देखिएन । यसले गर्दा काममा दोहोरोपना नभएको सम्वन्धमा एकिन भएन । विस्तृत परियोजना प्रतिवेदन तयार गरी स्पष्ट ड्रइङ्गस डिजाइन (नक्सा) तयार गरी कुन काम र कति काम कहिले सम्पन्न भयो स्पष्ट देखिने अभिलेख, AS built drawings तयार गरी कार्य गराउने र काममा दोहोरोपन नपरेको सुनिश्चितता गर्ने तर्फ पालिकाले ध्यान दिनु पर्दछ । | |
| २४ | | | **ठे.नं. NCB/14/077/78 Construction of Doghara – Pragati Tole Black Topped** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २४.१ | 32 | २०७८-३-११ | **एकमुष्ट पेश्की भुक्तानी :** खरिद सम्झौताको GCC को SCC 49.1 मा The Advance Payments shall be 20% of Initial Contract Price excluding the Provisional Sums and VAT and shall be made in two installments. को व्यवस्था रहेको छ । यस निर्माण कार्यको कवोल अंक रु रु १,२८,०४,७१८।४५ (मू.अ.कर समेत) रहेको छ ।यस कार्यको लागि पेश्की वापत निर्माण व्यवसायी Griha Developers Pvt. Ltd लाई रु ११,००,०००।०० भुक्तानी भएको छ । पेश्की भुक्तानी गर्दा खरिद सम्झौताको परिपालना गरेको देखिएन । खरिद सम्झौताको व्यवस्था अनुसार दुइ किस्तामा पेश्की भुक्तानी गर्नेतर्फ पालिकाले ध्यान दिनु पर्दछ । | |
| २४.२ | 69 | २०७८-३-२४ | **पेश्की असुली :** खरिद सम्झौताको GCC को SCC 49.3 मा Advance Deductions from Payment Certificates will commence in the first certificate in which the value of works executed exceeds 30% of the Contract Price. Deduction will be at the rate of ……..[Insert नगरेको] of the respective Monthly Interim Payment Certificate until such time as the advance payment has been repaid. provided that the advance payment shall be completely repaid prior to the end of 80% of the approved contract period को व्यवस्था रहेको छ । प्रथम रनिङ्ग विल वापत निर्माण व्यवसायी गृह डेपलोपर्सलाई रु ४,३९,३३२।१९ भुक्तानी भएकोमा पूरै रकम पेश्की फर्छ्यौट गरेको छ । पेश्की रु ११,००,०००।०० भुक्तानी भएकोमा रु ४,३९,३३२।१९ फर्छ्यौट भई रु ६,६०,६६७.८१ पेश्की वाँकी रहेको छ । निर्माण व्यवसायीले हालसम्म कुनै काम गरेको छैन् भने लेखापरीक्षण अवधि सम्म पेश्की जमानतको अवधि समाप्त भएको छ । पालिकावाट पेश्की जमानतको म्याद थप गराउनु पर्नेमा सो नगरेको तथा म्याद भित्र काम गराई पेश्की फर्छ्यौट गर्नुपर्ने सो समेत नगरी पेश्की जमानत जफत गरेको समेत पाइएन । यस निर्माण कार्यको म्याद थप समेत भएको छैन् । कामको शुन्य प्रगति रहेको छ । अत : खरिद सम्झौता वमोजिम पेश्कीमा सयकडा १०% का दरले व्याज लगाइ सम्वन्धित निर्माण व्यवसायीवाट पेश्कि असुल हुनु पर्दछ रु | ६६०,६६७ |
| २५ | | | **ठे.नं. NCB/17/077/78 Construction of Devi Chowk – Ring Road Black Topped** | |
| २५.१ | 25 | २०७८-२-२९ | **एकमुष्ट पेश्की भुक्तानी :** खरिद सम्झौताको GCC को SCC 49.1 मा The Advance Payments shall be 20% of Initial Contract Price excluding the Provisional Sums and VAT and shall be made in two installments. को व्यवस्था रहेको छ । यस निर्माण कार्यको कवोल अंक रु १,२४,७७,३२५।९२ (मू.अ.कर समेत) रहेको छ । यस कार्यको लागि पेश्की वापत निर्माण व्यवसायी तिरुपति निर्माण सेवा तथा सप्लायर्स प्रा.लि लाई रु २१,००,०००।०० भुक्तानी भएको छ । पेश्की भुक्तानी गर्दा खरिद सम्झौताको परिपालना गरेको देखिएन । खरिद सम्झौताको व्यवस्था अनुसार दुइ किस्तामा पेश्की भुक्तानी गर्नेतर्फ पालिकाले ध्यान दिनु पर्दछ । | |
| २५.२ | 77 | २०७८-३-२४ | **पेश्की असुली :** खरिद सम्झौताको GCC को SCC 49.3 मा Advance Deductions from Payment Certificates will commence in the first certificate in which the value of works executed exceeds 30% of the Contract Price. Deduction will be at the rate of ……..[Insert नगरेको] of the respective Monthly Interim Payment Certificate until such time as the advance payment has been repaid. provided that the advance payment shall be completely repaid prior to the end of 80% of the approved contract period को व्यवस्था रहेको छ । प्रथम रनिङ्ग विल वापत निर्माण व्यवसायी तिरुपति निर्माण सेवा तथा सप्लायर्स प्रा.लि लाई रु १५,२६,२६७।०० भुक्तानी भएको छ । पेश्की रु २१,००,०००।०० भुक्तानी भएकोमा रु १३,९३,५४४।०० फर्छ्यौट भई रु ७,०६,४५६।०० पेश्की वाँकी रहेको छ । निर्माण व्यवसायीले प्रथम विलको भुक्तानि पछी हालसम्म कुनै काम गरेको छैन् भने लेखापरीक्षण अवधि सम्म पेश्की जमानतको अवधि समाप्त भएको छ । पालिकावाट पेश्की जमानतको म्याद थप गराउनु पर्नेमा सो नगरेको तथा म्याद भित्र काम गराई पेश्की फर्छ्यौट गर्नुपर्ने सो समेत नगरी पेश्की जमानत जफत गरेको समेत पाइएन । यस निर्माण कार्यको म्याद थप समेत भएको छैन् । हालसम्म कामको प्रगति १२.२३% रहेको छ । अत : खरिद सम्झौता वमोजिम पेश्कीमा सयकडा १०% का दरले व्याज लगाइ सम्वन्धित निर्माण व्यवसायीवाट पेश्कि असुल हुनु पर्दछ रु | ७०६,४५६ |
| २६ | | | **ठे.नं. NCB/16/077/78 Construction of Yagya Path – Ring Road Black Topped** | |
| २६.१ | 25 | २०७८-२-३१ | **एकमुष्ट पेश्की भुक्तानी :** खरिद सम्झौताको GCC को SCC 49.1 मा The Advance Payments shall be 20% of Initial Contract Price excluding the Provisional Sums and VAT and shall be made in two installments. को व्यवस्था रहेको छ । यस निर्माण कार्यको कवोल अंक रु १,२४,०२,७७३।०६ (मू.अ.कर समेत) रहेको छ । यस कार्यको लागि पेश्की वापत निर्माण व्यवसायी तिरुपति निर्माण सेवा तथा सप्लायर्स प्रा.लि लाई रु २१,००,०००।०० भुक्तानी भएको छ । पेश्की भुक्तानी गर्दा खरिद सम्झौताको परिपालना गरेको देखिएन । खरिद सम्झौताको व्यवस्था अनुसार दुइ किस्तामा पेश्की भुक्तानी गर्नेतर्फ पालिकाले ध्यान दिनु पर्दछ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२६.२</td><td>76</td><td>२०७८-३-२४</td><td>पेश्की असुली : खरिद सम्झौताको GCC को SCC 49.3 मा Advance Deductions from Payment Certificates will commence in the first certificate in which the value of works executed exceeds 30% of the Contract Price. Deduction will be at the rate of ……..[Insert नगरेको] of the respective Monthly Interim Payment Certificate until such time as the advance payment has been repaid. provided that the advance payment shall be completely repaid prior to the end of 80% of the approved contract period को व्यवस्था रहेको छ । प्रथम रनिङ्ग विल वापत निर्माण व्यवसायी तिरुपति निर्माण सेवा तथा सप्लायर्स प्रा.लि लाई रु १३,५२,२९५।०० भुक्तानी भएको छ । पेश्की रु २१,००,०००।०० भुक्तानी भएकोमा रु १२,३५,५४२।०० फर्छयौट भई रु ८,६४,४५८।०० पेश्की वाँकी रहेको छ । निर्माण व्यवसायीले प्रथम विलको भुक्तानि पछी हालसम्म कुनै काम गरेको छैन् भने लेखापरीक्षण अवधि सम्म पेश्की जमानतको अवधि समाप्त भएको छ । पालिकावाट पेश्की जमानतको म्याद थप गराउनु पर्नेमा सो नगरेको तथा म्याद भित्र काम गराई पेश्की फर्छयौट गर्नुपर्ने सो समेत नगरी पेश्की जमानत जफत गरेको समेत पाइएन । यस निर्माण कार्यको म्याद थप समेत भएको छैन् । हालसम्म कामको प्रगति १२.२३% रहेको छ । अत : खरिद सम्झौता वमोजिम पेश्कीमा सयकडा १०% का दरले व्याज लगाइ सम्वन्धित निर्माण व्यवसायीवाट पेश्कि असुल हुनु पर्दछ रु</td><td>८६४,४५८</td></tr>
<tr><td>२७</td><td></td><td></td><td>श्रोतको सुनिश्चितता वेगर वोलपत्र :<br>अधुरो निर्माण कार्य : सैनामैना नगरपालिका सार्वजनिक खरिद नियमावली, २०७६ को नियम ७(१) मा नगरपालिकाले खरिदको लागि आवश्यक वजेट व्यवस्था नभई खरिद कारबाही शुरु गर्न नहुने व्यवस्था छ । नमुना छनौटको आधारमा लेखापरीक्षण गरिएका निम्नानुसार निर्माण कार्य आर्थिक वर्ष २०७७।७८ मा सम्पन्न गर्ने गरी सम्झौता भएकोमा अत्यन्त न्युन प्रतिशत काम सम्पन्न भइ बाँकी काम अधुरो रहेको छ । आर्थिक वर्ष २०७८।७९ मा श्रोतको सुनिश्चितता नहुदाँ कार्य अघि वढन नसकेको पालिकाले जानकारी दिएको छ । श्रोतको सुनिश्चितता गरेर मात्र निर्माण कार्य गर्ने तर्फ पालिका संवेदनशिल हुनु पर्दछ ।
<table>
<tr><th>ठे.नं.</th><th>काम</th><th>सम्पन्न गर्ने पर्ने मिति</th><th>सम्झौता रकम रु</th><th>भुक्तानी रकम रु</th></tr>
<tr><td>16/077/78</td><td>सडक कालोपत्रे</td><td>२०७८।०३।२५</td><td>१,२४,०२,७७३</td><td>१३,५२,२९५</td></tr>
<tr><td>17/077/78</td><td>सडक कालोपत्रे</td><td>२०७८।०३।२५</td><td>१,२४,७७,३२५</td><td>१५,२६,२६७</td></tr>
<tr><td>15/077/78</td><td>सडक कालोपत्रे</td><td>२०७८।०३।२५</td><td>१,२४,२५,३३५</td><td>२०,३९,६०६</td></tr>
<tr><td>14/077/78</td><td>सडक कालोपत्रे</td><td>२०७८।०३।२५</td><td>१,२८,०४,७१८</td><td>४,३९,३३२</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>५,०१,१०,१५१</td><td>५३,५७,५००</td></tr>
</table></td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२८</td><td>48</td><td>२०७७-८-३०</td><td>८ नं. वडा स्तरीय सडक स्तरोन्नति उपभोक्ता समिति<br>इन्जिनियरिङ्ग नम्स र उपभोक्ताको विल वीच सामञ्जस्यता : सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ । नियमावली को नियम ९७.६ मा उपभोक्ता समितिले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन , विल, भरपाइ, र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति बाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नु पर्ने व्यवस्था छ ।यस पालिकाको नमुना छनोटको आधारमा गरिएका लेखापरीक्षणवाट कतिपय उपभोक्ता समितिले गरेको वास्तविक कामको परिमाण नापी किताव र खर्च प्रमाणित गर्ने कागजात विच मिलान भएको देखिएन । निम्नानुसार उपभोक्ता समितिवाट भएको कामको भुक्तानी गर्दा निर्माण कार्यको लागि सडकको सतह मिलाउने र ग्राभेल आपुर्ति गरी सडकमा राख्ने, फैलाउने, वरावर गर्ने तथा पानी राखी सोलिङ्ग लगायतको सम्पूर्ण कार्य गर्ने कार्यका लगि प्रयोग भएको मेशिनरीका लागि आवश्यक इन्धन (डिजेल) को विल र इन्जनियरिङ्ग नम्स अनुसार हुनुपर्ने कामको परिमाण वीच फरक परेको देखियो । इन्धनको विलको तुलनामा वास्तविक कामको परिमाण नमिल्दा इन्धनको विल वास्तविक हो भन्न सकिएन । नापी कितावको परिमाण र खर्च प्रमाणित गर्ने विल भर्पाइहरु विच सामञ्जस्यता नहुदाँ वास्तविक काम भएको परिमाण एकिन हुन नसकेको रु..
<table>
<tr><th>आइटम</th><th>कुल परिमाण</th><th>नम्स अनुसार आवश्यक डिजेल परिमाण</th><th>इन्धनको विल पेश भएको परिमाण</th><th>फरक परिमाण</th><th>दर(मू.अ. कर समेत)</th><th>नम्स भन्दा वढि भुक्तानी</th></tr>
<tr><td rowspan="2">सडकको सतह मिलाउने</td><td rowspan="2">१७१५० व.मी.</td><td>१७१५०*०.१२२</td><td rowspan="4">७८७५ लि</td><td rowspan="4">४४२५ लि.</td><td rowspan="4">८८.४७</td><td rowspan="4">३९१५१९</td></tr>
<tr><td>= २०९२ लि.</td></tr>
<tr><td rowspan="2">ग्राभेल आपुर्ति गरी सडकमा राख्ने, फैलाउने, वरावर गर्ने तथा पानी राखी सोलिङ्ग लगायतको सम्पूर्ण कार्य गर्ने</td><td rowspan="2">१७१५ घन मी.</td><td>१७१५*०.७९२</td></tr>
<tr><td>= १३५८ लि.</td></tr>
<tr><td colspan="2">कुल जम्मा</td><td>३४५० लि.</td><td>७८७५ लि.</td><td>४४२५ लि.</td><td>८८.४७</td><td>३९१५१९</td></tr>
</table></td><td>३९१,५१९</td></tr>
<tr><td>२९</td><td></td><td></td><td>३ नं. वडा स्तरीय बाटो स्तरोन्नति उपभोक्ता समिति</td><td></td></tr>
<tr><td>२९.१</td><td>309</td><td>२०७८-३-२०</td><td>उपभोक्ताको विल : यस वडा स्तरीय बाटो स्तरोन्नति वापत ३ नं. वडा स्तरीय बाटो स्तरोन्नति उपभोक्ता समितिलाई रु २३,९३,६३२।०० भुक्तानी भएको छ । सडकको सतह मिलाउने र ग्राभेल आपुर्ति गरी सडकमा राख्ने, फैलाउने, वरावर गर्ने तथा पानी राखी सोलिङ्ग लगायतको सम्पूर्ण कार्य गर्ने कार्यका लागि डिजेल वापत रु ३,१६,६९०।०० भुक्तानी भएको र नम्स अनुसार आवश्यक नपर्ने ४० ली. पेट्रोल खरिद वापत रु ४९६०।०० भुक्तानी भएको छ । यस कार्यका लागि निर्माण व्यवसायी श्री हिमाल ग्रुप निर्माण व्यवसाय उधोग, अर्घाखाची(६०२५५११००) को विजक नं. १०८।०७८।२।२८ वाट वाटो स्तरोन्नतिको कार्य वापत रु १६,१०,००१।४०(मू.अ.कर समेत) भुक्तानी भएको छ । निर्माण व्यवसायीको विल राखी भुक्तानी भएकोमा फेरी थप डिजलको विल राखी रु ३,१६,६९०।०० भुक्तानी भएको नियम सम्मत भएन रु..</td><td>३१६,६९०</td></tr>
<tr><td>२९.२</td><td></td><td></td><td>इन्जिनियरिङ्ग नम्स र उपभोक्ताको विल : इन्जिनियरिङ्ग नम्स अनुसार यस कार्यकालागि प्रयोजन नभएको पेट्रोल वापत रु ४,९६०।०० भुक्तानी भएको छ । प्रयोजन नभएको पेट्रोलको विल राखी भुक्तानी भएको रकम सम्वन्धित उपभोक्ता समितिवाट असुल हुनु पर्दछ रु</td><td>४,९६०</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३०</td><td></td><td></td><td>७ नं. वडा स्तरीय बाटो स्तरोन्नति उपभोक्ता समिति</td><td></td></tr>
<tr><td>३०.१</td><td>43</td><td>२०७७-८-१७</td><td>सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ । नियमावली को नियम ९७.६ मा उपभोक्ता समितिले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन , विल, भरपाइ, र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति बाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नु पर्ने व्यवस्था छ ।यस पालिकाको नमुना छनोटको आधारमा गरिएका लेखापरीक्षणवाट कतिपय उपभोक्ता समितिले गरेको वास्तविक कामको परिमाण नापी किताव र खर्च प्रमाणित गर्ने कागजात विच मिलान भएको देखिएन । निम्नानुसार उपभोक्ता समितिवाट भएको कामको भुक्तानी गर्दा निर्माण कार्यको लागि सडकको सतह मिलाउने र ग्राभेल आपुर्ति गरी सडकमा राख्ने, फैलाउने, वरावर गर्ने तथा पानी राखी सोलिङ्ग लगायतको सम्पूर्ण कार्य गर्ने कार्यका लगि प्रयोग भएको मेशिनरीका लागि आवश्यक इन्धन (डिजेल) को विल र इन्जनियरिङ्ग नम्स अनुसार हुनुपर्ने कामको परिमाण वीच फरक परेको देखियो । इन्धनको विलको तुलनामा वास्तविक कामको परिमाण नमिल्दा इन्धनको विल वास्तविक हो भन्न सकिएन । नापी कितावको परिमाण र खर्च प्रमाणित गर्ने विल भर्पाइहरु विच सामञ्जस्यता नहुदाँ वास्तविक काम भएको परिमाण एकिन हुन नसकेको रु...
<table>
<tr><th>आइटम</th><th>कुल परिमाण</th><th>नम्स अनुसार आवश्यक डिजेल परिमाण</th><th>इन्धनको विल पेश भएको परिमाण</th><th>फरक परिमाण</th><th>दर(मू.अ. कर समेत)</th><th>नम्स भन्दा वढि भुक्तानी</th></tr>
<tr><td rowspan="2">सडकको सतह मिलाउने</td><td rowspan="2">११३१० व.मी.</td><td>११३१०*०.१२२</td><td rowspan="4">६३३५ लि.</td><td rowspan="4">४०१३ लि.</td><td rowspan="4">८८.१९</td><td rowspan="4">३५३९३२</td></tr>
<tr><td>= १३८० लि.</td></tr>
<tr><td rowspan="2">ग्राभेल आपुर्ति गरी सडकमा राख्ने, फैलाउने, वरावर गर्ने तथा पानी राखी सोलिङ्ग लगायतको सम्पूर्ण कार्य गर्ने</td><td rowspan="2">११९० घन मी.</td><td>११९०*०.७९२</td></tr>
<tr><td>= ९४२ लि.</td></tr>
<tr><td colspan="2">कुल जम्मा</td><td>२३२२ लि.</td><td>६३३५ लि.</td><td>४०१३ लि.</td><td>८८.१९</td><td>३५३९३२</td></tr>
</table></td><td>३५३,९३२</td></tr>
<tr><td>३०.२</td><td>43</td><td>२०७७-८-१७</td><td>उपभोक्ताको विलभन्दा वढी भुक्तानी : ग्राभेल आपुर्ति गरी सडकमा राख्ने, फैलाउने, वरावर गर्ने तथा पानी राखी सोलिङ्ग लगायतको सम्पूर्ण कार्य गर्ने कार्यका लागि इन्जिनियरिङ्ग नम्स अनुसार १९२०.९७*१.२८*३५.२८ = ५३७२७ घन फिट ग्राभेल आवश्यक पर्नेमा उपभोक्ता समितिवाट पेश भएको विलमा ग्राभेलको कुल परिमाण ४५५५० घन फिट देखिएको छ । नम्स अनुसार आवश्यक परिमाणमा विल संलग्न नरहेकोले कम परिमाण ८१७७ घन फिट रु ३३.९ प्रति घन फिटले हुने रु २,७७,२००।३० भुक्तानी भएको विल संलग्न रहेको छैन् । प्राविधिक नम्स अनुसार हुनुपर्ने परिमाणभन्दा कम परिमाणको विल संलग्न गरी भुक्तानी भएकोले वढी भुक्तानी भएको रकम सम्वन्धित उपभोक्ता समितिवाट असुल हुनु पर्दछ रु</td><td>२७७,२००</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३१ | 385 | २०७८-३-२९ | **९ नं. वडा स्तरिय ग्राभेल तथा स्तरोन्नति उपभोक्ता समिति**<br>**उपभोक्ताको विल :** ९ नं. वडा स्तरिय ग्राभेल तथा स्तरोन्नति उपभोक्ता समिति उपभोक्ता समितिलाई रु ८,३३,०००।०० भुक्तानी भएको छ । छत्रदेवी ट्रेडिङ्ग एण्ड सप्लायर्स(६०६८७२१२६) को विजक नं. ४५५।०७८।३। २५ वाट ग्रेडर वापत रु ७७,२९२।०० ; विजक नं. ४३७।०७८।३।१९ वाट ग्रेडर, रोलर, पानी टेंकर, रोलिङ्ग मिक्सिङ्ग कार्य वापत रु २,००,०००।०० भुक्तानी भएकोमा डिजेल वापत विभिन्न विल राखी रु १,७६,१००।०० भुक्तानी गरेको विल संलग्न रहेको छ । मेशिन वापत छुट्टै विल राखी भुक्तानी दिएकोमा डिजेल वापतको भुक्तानी कुन प्रयोजनकालागि भएको एकिन भएन । उपभोक्ता समितिलाई भुक्तानी गर्दा प्राविधिक विल र खर्च प्रमाणित गर्ने विल भर्पाई विच सामञ्जस्य भए नभएको एकिन गरी भुक्तानी गर्नुपर्दछ । | |
| ३२ | 178 | २०७८-१-१५ | **वडा स्तरीय विधुत पोल तथा ह्युम पाइप जडान उपभोक्ता समिति**<br>**ह्युम पाइप जडान :** सैनामैना नगरपालिका सार्वजनिक खरिद नियमावली २०७६ को नियम १३२(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ । यस वडा स्तरीय विधुत पोल तथा ह्युम पाइप जडान उपभोक्ता समितिलाई रु ५,००,०००।०० भुक्तानी भएको छ । ह्युम पाइप ४५ से.मी.डायको ३० र.मी. @ रु ६७८९।६० को जम्मा रु २,०३,६८८।००; ३० से.मी.डायको २२.५ र.मी. @ रु ४५२०।२५ को जम्मा रु १,०१,७०५।६२५ ; ९ मिटरको विधुत पोल २५ थान @ रु १०,२२१।३० को जम्मा रु २,५५,५३२।५० समेत कुल जम्मा रु ५,६०,९२६।१३ मध्ये पालिकावाट रु ५,००,०००।०० भुक्तानी भएको छ । वस्तु आपूर्ति गर्ने कार्य उपभोक्ता समिति मार्फत गरेको नियम सम्मत भएन । उक्त खरिद गरिएका ह्युम पाइप र विधुत पोल जडान भएको सम्वन्धमा एकिन नभएकोले उक्त खरिद गरिएका सामानहरु जडान भएको प्रमाण पेश गर्नु पर्ने रु... | ५००,००० |
| ३३ | | | **आय ठेक्का व्यवस्थापन**<br>आय ठेक्का (आय/०७/०७७-७८) सम्बन्धमाः नगरपालिकाले बन्दोबस्त गर्ने आय ठेक्काको सूचनाको शर्त तथा बन्देजको बुँदा नं. 6 मा ठेक्का स्वीकृत भई सम्झौता पश्चात नेपाल सरकार वा अदालतको निर्णयले ठेक्कामा बाधा उत्पन्न भएको अवस्थामा बाहेक अन्य कुनै पनि कारणबाट आय ठेक्का रद्ध नहुने तथा बुँदा नं.२० मा नगरपालिकाबाट भोगचलन गरेपछि कुनै पनि किसिमको मिनाहा/छुट नदिने उल्लेख छ । पालिकाले नगरपालिकाको वडा नं. १० र ११ पहेला नदीको तीन मोहडा माथि, बनकट्टी र नाली नाकामा नदीजन्य पदार्थ उत्खनन् तथा विक्रि वितरणको लागि मिति 2077/12/31 मा सूचना प्रकाशन गरी मिति 2078/01/16 गते रितपूर्वक दर्ता हुन आएका ६ वटा बोलपत्रको पूर्णता परीक्षण गरी सबैभन्दा बढी अंक कबोल गर्ने निर्माण व्यवसायी श्री हिमाल ग्रुप निर्माण व्यवसाय उद्योग, अर्घाखाँचीको ठेक्का अंक रु.1,18,05,951/- (मु.अ.कर बाहेक) स्वीकृत गरेको पाईयो । मिति 2078/01/19 गते स्थानीय पत्रिका दैनिक पत्रमा सो आय ठेक्का स्वीकृति सम्बन्धी सूचना समेत प्रकाशित भएकोमा नगरपालिकाको 2078/03/06 गतेको निर्णय नं. ६ मा हाल उक्त खोलामा ठेक्का लगाउँदा जोखिम बढ्न सक्ने अवस्था देखिएको भनेर कुनै पनि आधार र प्रमाण वेगर उक्त ठेक्का रद्ध गर्ने निर्णय गरेको देखियो । पालिकाले ठेक्का रद्ध गर्दा ठेक्का प्रक्रिया सम्झौता गरेको/नगरेको जानकारी, आय ठेक्का रद्ध भएको सूचना र निर्णय तथा रद्ध हुनुको स्पष्ट कारण सहितको टिप्पणी र आदेश सो ठेक्का सम्बन्धी फाईलमा संलग्न नगरेको र लेखापरीक्षणको क्रममा विवरण प्राप्त नभएकोले ठेक्का संचालन भए नभएको एकिन गर्न सकिएन । | |
| ३४ | | | **उपभोक्ता समिति गठन र परिचालन** | |
| ३४.१ | | | **उपभोक्ता समिति दर्ताः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिबाट कार्य गराउने व्यवस्था छ । संस्था दर्ता ऐन २०३४ को दफा ३ मा कुनैपनि संस्था विधानसहित दर्ता नभएमा कानूनी मान्यता दिन मिल्ने देखिदैन । पालिकाले यो बर्ष विभिन्न 136 उपभोक्ता समितिसँग सम्झौता गरी कार्य गराई रु.६,४७,७९,४०६ /- भुक्तानी गरेकोमा यसरी कार्य गर्न गठन भएका उपभोक्ता समिति ऐनको उक्त व्यवस्थाअनुसार दर्ता भएको पाइएन । त्यस्ता समितिहरु स्थानीय स्तरमा सञ्चालित आयोजनाको निर्माण गर्न अस्थायी रुपमा गठन हुने र कार्य सम्पन्न पश्चात् समिति विघटन हुने हुँदा निर्माण कार्य सम्पन्न भएका आयोजना सञ्चालन तथा मर्मत सम्भारमा ती समितिलाई जिम्मेवार बनाउन कठिनाइ हुने र त्यस्ता समितिहरुले आयव्ययको लेखापरीक्षण समेत नगराउने भएकोले स्थायी संयन्त्रमार्फत् काम गर्ने, गराउने गरी सुधार हुनुपर्दछ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३४.२</td><td></td><td></td><td>जनश्रमदान – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्यको बिल भुक्तानी दिँदा लागत अनुमानमा रहेको मुल्य अभिबृद्धि कर, ओभरहेड कन्टिन्जेन्सी रकम र जनसहभागीताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनु पर्ने व्यवस्था छ । जस अनुसार निम्न निर्माण कार्य गर्दा उपभोक्ता समिति मार्फत गराउँदा उपभोक्ता समिति र पालिकाले बेहार्ने अंश उल्लेख गरी सम्झौता भएको देखिन्छ । तर निर्माण कार्य सम्पन्न गर्दा घटी मूल्यांकन भएको अवस्थामा अनुपातिक कट्टी गरी भुक्तानी दिनुपर्नेमा सो गरेको नदेखिएको देहायअनुसारको रकम असूल हुनुपर्ने रु.
<table>
<tr><th>गोभौनं./मिति</th><th>उपभोक्ता समिति र काम</th><th>सम्झौता रकम</th><th>कार्य सम्पन्न रकम</th><th>उपभोक्ताले व्यहोर्ने %</th><th>घटी अनुपातिक कट्टी रकम</th></tr>
<tr><td>125-2077/12/13</td><td>सैनामैना ४ प्रगतीटोल अधुरो सडकको नालीसहित सडक स्तरोन्नती</td><td>2786246</td><td>2704227</td><td>28.22</td><td>58306</td></tr>
<tr><td>44-2077/08/19</td><td>मलमला पार्कमा खानेपानी व्यवस्थापन उपभोक्ता समिति</td><td>1563568</td><td>1168161</td><td>10</td><td>2740</td></tr>
<tr><td></td><td>जम्मा</td><td>4349814</td><td>3872388</td><td></td><td>61046</td></tr>
</table></td><td>६१,०४६</td></tr>
<tr><td>३४.३</td><td></td><td></td><td>सार्वजनिक खरिद नियमावली, 2064 को नियम 97(7) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले आफूले प्रत्येक किस्तामा गरेको खर्चको सूचना सार्वजनिक स्थानमा टाँस गर्नुपर्ने र सामाजिक लेखापरीक्षण गराउनु पर्ने, उपनियम 12 मा कार्य सम्पन्न भएपछि सोको रेखदेख, मर्मत सम्भार गर्ने गरी जिम्मेवारी समेत तोकी स्वामित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले विभिन्न प्रकृतिका उपभोक्ता समिति गठन गरी कार्य गरेकोमा उपभोक्ता समितिले खर्चको सूचना सार्वजनिक स्थानमा टाँस गरेको र सामाजिक लेखापरीक्षण नगराएको साथै कार्य सम्पन्न भएपछि सोको रेखदेख, मर्मत सम्भार गर्ने गरी जिम्मेवारी समेत तोकि उपभोक्ता समितिलाई हस्तान्तरण गरेको छैन । नियमावलीमा भएको व्यवस्था बमोजिम उपभोक्ता समिति गठन र परिचालन गरिनु पर्दछ ।</td><td></td></tr>
<tr><td>३५</td><td></td><td></td><td>अनुगमन तथा सम्परीक्षण<br>स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ८४ मा बेरुजू फछ्यौंट गर्ने व्यवस्था रहेको छ ।सोही एनको दफा ८४(२) (घ) मा बेरुजू फछ्यौंट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । यो वर्षको लेखापरीक्षणको क्रममा भई सम्परीक्षण भई गत बर्षसम्मको बाँकी बेरुजु निम्नानुसार रहेको छ ।
<table>
<tr><th>गत वर्षसम्मको बाँकी बेरुजू (A)</th><th>यो वर्ष संपरीक्षण गरिएको बेरुजू(B)</th><th>गत बर्षसम्मको बाँकी बेरुजू (C=A-B)</th></tr>
<tr><td>43343000</td><td>5887780</td><td>37455220</td></tr>
</table></td><td></td></tr>
<tr><td>३६</td><td></td><td></td><td>यस वर्ष फछ्यौंट भएको वेरुजुको स्थिति निम्नानुसार रहेको छ ।
<table>
<tr><th>सि.नं</th><th>आ.व.</th><th>वेरुजु दफा नं.</th><th>वेरुजुको संक्षिप्त व्यहोरा</th><th colspan="2">बेरुजु फछ्यौंट । सम्परीक्षणको आधार</th><th>सम्परीक्षण</th></tr>
<tr><td rowspan="3">१</td><td rowspan="3">2075/76</td><td rowspan="3">46</td><td rowspan="3">नियमानुसार पेश्की फछ्यौंट गर्नुपर्ने</td><td colspan="2">निम्नानुसार निर्माण व्यवसायी तथा व्यक्तिको पेश्की फछ्यौंट भएको प्रमाण पेश भएकोले संपरीक्षण</td><td rowspan="3">3964332</td></tr>
<tr><td>निर्माण व्यवसायीको नाम</td><td>रकम</td></tr>
<tr><td>चैतन्य विल्डर्स प्रा.ली.</td><td>3764332</td></tr>
</table></td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | नेपाल विद्युत प्राविकरण | 200000 | |
| | | | | | | जम्मा | 3964332 | |
| | | | २ | 2076/77 | 74 | नियमानुसार पेश्की फछ्यौंट गर्नुपर्ने | वडा सचिव नविन कुमार शाक्यको नाममा रहेको पेश्की फछ्यौंट भएकोले संपरीक्षण | 15000 |
| | | | ३ | 2076/077 | 24 | बीलभन्दा बढी भुक्तानी भएको रकम असुल गर्नुपर्ने | दाखिला भौचर पेश गरेकोले संपरीक्षण | 2830 |
| | | | ४ | 2076/077 | 43 | सामाजिक सुरक्षा कर कट्टी गरेको भौचर पेश नभएको | दाखिला प्रमाण पेश भएकोले संपरीक्षण | 25645 |
| | | | ५ | 2076/077 | 60 | विभिन्न विद्यालयहरुलाई दिईएको छात्रवृत्तिको भरपाई नभएको । | विभिन्न १७ विद्यालयहरुलाई दिईएको छात्रबृत्ति वितरण भरपाई पेश गरेकोले संपरीक्षण | 1487200 |
| | | | ६ | 2076/077 | 61 | पारीत तलबी प्रतिवेदन भन्दा बढी ग्रेड वापत खर्च लेखेको रकम असुल गर्नुपर्ने | फसाराम आचार्य र श्रीराम पौडेलको ग्रेडभन्दा बढी भुक्तानी भएको रकम असुल गरी दाखिला भएकोले संपरीक्षण | 26696 |
| | | | 7 | 2076/077 | 64 | अवकाश पछिको अवधिमा समेत तलब भत्ता निकासा भएकोले असुल गर्नुपर्ने | अवकाश पछि भुक्तानी भएको शिक्षक श्री कल्पना गौतमको रु.37990 र मनोज कुमार चौधरीको रु.१३०८७/- गरी कुल ५१०७७/- असुल गरी दाखिला भौचर पेश भएकोले संपरीक्षण | 51077 |
| | | | 8 | 2075/076 | 38 | अनुगमन प्रतिवेदन तयार नगरी खर्च लेखेको | उक्त कार्यक्रमको अनुगमन सहितको प्रतिवेदन पेश भएकोले संपरीक्षण | 315000 |
| | | | जम्मा | | | | | 5887780 |
| ३७ | | | अद्यावधिक वेरुजु<br>यस पालिकाको 2077।78 सम्मको फछ्यौट गर्न बाँकी बेरुजुको स्थिति देहायअनुसार रहेको छ । | | | | | |

| गत वर्षसम्मको बाँकी बेरुजू (A) | यो वर्ष संपरीक्षण गरिएको बेरुजू(B) | यो वर्ष कायम बेरुजू(C) | संपरीक्षणबाट कायम बेरुजू(D) | अध्यावधिक बाँकी बेरुजू (E=A-B+C+D) |
|---|---|---|---|---|
| 43343000 | **5887780** | | **0.00** | |